# "कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम" सञ्चालनका लागि घ्याङलेख गाउँपालिका, सिन्धुली र हेफर प्रोजेक्ट नेपाल, ललितपुर

## बीचको

## साझेदारी सम्झौता पत्र

१. परिचयः

घ्याङलेख गाउँपालिकाले गैर सरकारी संघ संस्था तथा निजी क्षेत्र बीचको सहकार्यमा गरिबी निवारणका दीर्घकालिन परियोजना सञ्चालन गर्ने उद्देश्यले कृषि तथा पशुवस्तुहरूको उत्पादन वृद्धि गरी रोजगारमूलक, उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न मिति २०७९/०६/२८ मा प्रस्ताव आह्वान गरे अनुरूप हेफर प्रोजेक्ट नेपाल/जिल्ला लघु उद्यमी संघ (मुनाफा रहित जनहितकारी गैर सरकारी संस्था) छनौट भई कार्यक्रम संचालनको लागि घ्याङलेख गाउँपालिका (**"प्रथम पक्ष"**) र हेफर प्रोजेक्ट नेपाल (**"दोस्रो पक्ष"**) बीच मिति २०७९ मंसिर २१ गते यो सम्झौता गरिएको छ। यस सम्झौता अन्तर्गत संचालन हुने परियोजनाको नाम **"कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम"** रहेको छ। यस साझेदारी कार्यक्रम मार्फत घ्याङलेख गाउँपालिकाले सेवा प्रदायक प्रकृतिको खरिद नगरी यस गाउँपालिकामा आर्थिक तथा प्राविधिक लागत साझेदारी गर्नका निमित्त हेफर प्रोजेक्ट नेपाललाई साझेदारको रुपमा छनौट गरेको छ।

यस परियोजनाको मुख्य उद्देश्य लक्षित परिवारहरूको वार्षिक आम्दानीमा वृद्धि गरी जीविकोपार्जनमा सुधार गर्नु रहेको छ। यस परियोजनाको निर्दिष्ट उद्देश्यहरूमाः

- आवद्ध लाभग्राहीहरूलाई स्वावलम्वी समूहहरू तथा सहकारीमा आवद्ध गर्दै सामाजिक पूँजीको अभिवृद्धि गर्नु,
- व्यावसायिक कृषि तथा तरकारी उपजहरूको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्नु तथा बजार व्यवस्थापनमा सुधार गर्नु,
- सुधारीएको बाखा व्यवस्थापन र उन्नत प्रविधिहरूको अनुशरणबाट बाखाको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गरी बजार व्यवस्थापनमा सुधार गर्नु, र
- बाखा विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु रहेको छ।

परियोजनामा प्रस्तावित क्रियाकलाप तथा गतिविधिहरू प्राविधिक तथा आर्थिक प्रस्तावमा उल्लेख गरिए अनुसार हुनेछन्।

यस परियोजना व्यवस्थापनको नेतृत्व हेफर प्रोजेक्ट नेपालले (दोस्रो पक्ष) गर्नेछ भने परियोजनाको कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपाल र प्राविधिक प्रस्तावनामा प्रस्तावित स्थानीय गैर सरकारी संस्था जिल्ला लघु उद्यमी संघ को हुनेछ। दोस्रो पक्षले परियोजना साझेदार संस्थाको क्षमता विकास गर्ने, सम्पादित गतिविधिहरूको गुणस्तरको सुनिश्चिता गर्ने, प्रथम पक्षसँग आवश्यक समन्वय गर्ने, आदि कार्यहरू गर्नेछ।

**२. कार्यक्रमको नाम :** "कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम"

**३. सम्झौता अवधि :** १७ पुष २०७९ गते देखि १६ असार २०८३ (०१ जनवरी २०२३ देखि ३० जुन २०२६)

**४. कार्यक्षेत्रः** यो परियोजना घ्याङलेख गाउँपालिकाको वडा नं १, २, ३, ४, र ५ मा सञ्चालन गरिनेछ।

**५. प्रथम पक्षको जिम्मेवारी :**

१. सम्झौतामा उल्लेख भए बमोजिमको बजेट तोकिएको समयमा उपलब्ध गराउने ।

२. प्रदेश सरकार तथा अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने/ गराउने ।

३. परियोजना संचालनका लागि सहज वातावरण निर्माण गर्ने तथा स्थानीय कार्यक्षेत्रमा हुन सक्ने कुनै पनि प्रकारको वाधा, व्यवधान, विरोध आदि समाधान गर्न दोस्रो पक्ष र स्थानीय गैर सरकारी साझेदार संस्थालाई सम्पूर्ण सहयोग गर्ने ।

४. परियोजनाको अनुगमन, मुल्यांकन गर्ने तथा पृष्ठपोषण दिने ।

५. प्रभावकारी कार्यन्वयनका लागि सहजीकरण गर्ने ।

६. परियोजना संचालन गर्दा आइपर्ने नीतिगत तथा कानुनी सवालहरूलाई सहजीकरण गर्ने ।

**६. दोस्रो पक्षको जिम्मेवारी :**

१. परियोजना क्षेत्रमा तय गरिएका क्रियाकलापहरू सञ्चालन गर्ने ।

२. परियोजना विवरणमा उल्लेख भए अनुसार योग्यता तथा अनुभव प्राप्त कर्मचारीहरू नियुक्त गर्ने ।

३ वार्षिक कार्ययोजनामा उल्लेख भए अनुसारका क्रियाकलापहरू कार्यान्वयन गर्ने ।

४. परियोजना कार्यान्वयन गर्न प्रथम पक्षसंग भएको सम्झौता अनुसारका गतिविधिहरू सञ्चालन गर्ने ।

५. परियोजना व्यवस्थापन, कार्यान्वयन, श्रोत व्यवस्थापन आदिवारे प्रथम पक्ष, तथा अन्य सरोकारवालाहरू संग समन्वय तथा नेतृत्व गर्ने ।

६. परियोजनाको कार्यान्वयन तथा सुनिश्चितता, कार्यको गुणस्तरको सुनिश्चितता गर्ने ।

७. परियोजनाको प्रगति तथा वित्तीय प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी प्रथम पक्षलाई पेश गर्ने ।

८. परियोजनाको कार्यान्वयन गर्ने क्रममा स्थानीय संस्था मार्फत नियुक्त भएका कर्मचारीहरूको क्षमता विकास गर्ने

९. परियोजना कार्यान्वयन गर्न प्रथम पक्षसंग भएको सम्झौता अनुरूप वित्तीय स्रोतको व्यवस्थापन गर्ने ।

**७. बजेट र वित्तीय कार्यविधि :**

७.१ परियोजनाको कुल बजेट :

७.१.१ यस परियोजनाको कुल वजेट रकम रू.५,७१,४२,८५७/- (अक्षरेपी पाँच करोड एकहत्तर लाख बयालिस हजार आठ सय सन्ताउन्न रूपैया मात्र) हुनेछ । जस अन्तर्गत पहिलो पक्षको लागत साझेदारी कुल बजेट रकमको ७० प्रतिशतका दरले जम्मा रू. ४०,०००,०००/- (अक्षरेपी चार करोड रूपैयां मात्र) र दोस्रो पक्षको लागत साझेदारी



HEIFER PROJECT NEPAL

३० प्रतिशतका दरले हुन आउने जम्मा रकम रू.१,७१,४२,८५७/- (अक्षरेपी एक करोड एकहत्तर लाख बयालिस हजार आठ सय सन्ताउन्न रूपैया मात्र) हुनेछ ।

७.१.२ प्रथम पक्षको लागत साझेदारी अन्तर्गतको बजेट कार्यक्रमगत विषय शिर्षकहरूमा खर्च गरिनेछ भने दोस्रो पक्षको लागत साझेदारीको बजेट तालिम, जनशक्ति परिचालन तथा प्रशासनिक शिर्षकहरूमा खर्च गरिनेछ ।

७.१.३ बजेट शिर्षकहरूमा विनियोजित गरेको वार्षिक बजेटको १० प्रतिशत भन्दा बढी एक बजेट शिर्षकबाट(Budget Head) अर्को बजेट शिर्षकमा रकमान्तर गर्नुपरेमा प्रथम पक्षको पूर्व स्विकृति लिनुपर्नेछ ।

७.१.४ कुनै विशिष्ट कारणवस स्वीकृत बजेट निकासा हुन नसकेमा वा खर्च हुन नसकेमा आगामी वर्षको बजेट तर्जुमा गर्दा कुल बजेटमा घटबढ नहुने गरी समायोजन गरिनेछ । परियोजना अवधिमा दुवै पक्षले सम्झौतामा उल्लेख गरिएको रकम उपलब्ध गराउनुपर्नेछ ।

७.१.५ परियोजनाको विस्तृत बजेट तथा विनियोजन देहाय बमोजिम हुनेछ ।

| क.स | बजेट शिर्षक | FY23 (Jan 2023-June2023) | | | FY 24 (July2023-June2024) | | | FY 25 (July2024-June 2025) | | | FY 26 (July2025-June 2026) | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हेफर | गाउँपालिका | जम्मा | हेफर | गाउँपालिका | जम्मा | हेफर | गाउँपालिका | जम्मा | हेफर | गाउँपालिका | जम्मा | हेफर | गाउँपालिका | जम्मा |
| १ | पशु खरीद तथा ढुवानी | - | १,२५७,५०० | १२,५७,५०० | - | ५४,८६,५०० | ५४,८६,५०० | - | १,९००,००० | १,९००,००० | - | | - | - | ८,६४४,००० | ८,६४४,००० |
| २ | बागवानी तथा ढुवानी | - | ५,८८,००० | ५,८८,००० | - | १६,१४,००० | १६,१४,००० | - | ८,६०,००० | ८,६०,००० | - | | - | - | ३,०६२,००० | ३,०६२,००० |
| ३ | कृषि सामाग्री तथा यन्त्र | - | २,३७२,५०० | २३,७२,५०० | - | ४३,००,००० | ४३,००,००० | - | ६४,३५,००० | ६४,३५,००० | - | ३१,७६,००० | ३,१७६,००० | - | १६,२८३,५०० | १६,२८३,५०० |
| ४ | भ्रमण खर्च | २६७,००० | - | २,६७,००० | ५,१९,००० | - | ५,१९,००० | ५,१९,००० | - | ५,१९,००० | ५,१९,००० | - | ५१९,००० | १,८२४,००० | - | १,८२४,००० |
| ५ | तालिम | ७,३७,७८६ | १,७३४,५०० | २४,७२,२८६ | १,१०,००० | २५,३५,००० | २६,४५,००० | ३०,००० | १९,७०,५०० | २०,००,५०० | ३०,००० | ५,०५,५०० | ५३५,५०० | १०७,७८६ | ६,७४५,५०० | ७,६५३,२८६ |
| ६ | प्राविधिक सेवा तथा मूल्याङ्कन | ४११,३०० | ७४७,५०० | ११,५८,८०० | ७,९३,६५० | १४,६४,५०० | २२,५८,१५० | ८,१७,०८२ | १३,३४,५०० | २१,५१,५८२ | ५,१८,०३० | १७१८,५०० | २,२३६,५३० | २,५४०,०६२ | ५,२६५,००० | ७,८०५,०६२ |
| ७ | तलब तथा सुविधा | १,२५४,३०० | - | १२,५४,३०० | ३१,६९,१२० | - | ३१,६९,१२० | ३३,३७,९३९ | - | ३३,३७,९३९ | २२,३६,७८५ | | २,२३६,७८५ | १०,०९८,१४४ | - | १०,०९८,१४४ |
| ८ | कार्यालय खर्च | ४,६७,८६५ | - | ४,६७,८६५ | ४,३५,००० | - | ४,३५,००० | ४,३५,००० | - | ४,३५,००० | ४,३५,००० | | ४३५,००० | १,७७२,८६५ | - | १,७७२,८६५ |
| | कुल बजेट | ३१,३८,२५१ | ६७,००,००० | ९८,३८,२५१ | ५०,२६,७७० | १,५४,००,००० | २,०४,२६,७७० | ५१,३९,०२१ | १,२५,००,००० | १,७६,३९,०२१ | ३८,३८,८१५ | ५४,००,००० | ९२,३८,८१५ | १,७१,४२,८५७ | ४०,०००,००० | ५,७१,४२,८५७ |
| | प्रतिशत | ३२% | ६८% | १००% | २५% | ७५% | १००% | २९% | ७१% | १००% | ४२% | ५८% | १००% | ३०% | ७०% | १००% |

## ७.२ बजेट निकासा :

७.२.१ परियोजना सञ्चालनका लागि दोस्रो पक्षले बैंक खाता संचालन गर्नेछ । सम्झौता अनुसारको रकम प्रथम पक्षले दोस्रो पक्षको खातामा पेश्कीको रुपमा जम्मा गर्नेछ । खर्च र आम्दानीको लेखा राख्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

७.२.२ प्रथम पक्षले वार्षिक रूपमा स्वीकृत गरेको रकम पेश्कीको रूपमा तीन किस्तामा उपलब्ध गराउनेछ । जस अन्तर्गत पहिलो किस्ता कुल रकमको २५ प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत र तेस्रो किस्ता २५ प्रतिशत पहिलो पक्षले परियोजनाका लागि संचालन गरिने बैंक खातामा उपलब्ध गराउनु पर्नेछ । कुनै विशिष्ट कारणवस स्वीकृत किस्ता अन्तर्गतको रकम निकासा नभएमा आगामी किस्तामा थप गरी पहिलो पक्षले निकासा गर्नेछ । पहिलो वर्षको हकमा सम्झौतामा उल्लेखित रकमको ५० प्रतिशतका दरले दुई किस्तामा निकासा गर्नेछ ।

७.२.३ प्रथम पक्ष र दोस्रो पक्षले वार्षिक रूपमा बिनियोजन गरेको कार्यक्रम अनुरूपको बजेट सोही आ.व.मा निकासा गर्नेछन् ।

७.२.४ आयकर निर्देशिका २०६६ को परिच्छेद १६ (भुक्तानीमा कर कट्टि) को १६.२.४ अनुसार[1] भुक्तानीमा अग्रीम कर (TDS) कट्टा गरी सो को दाखीला गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ । तसर्थ प्रथम पक्षले दोस्रो पक्षलाई सम्झौतामा उल्लेखित किस्ता रकम अग्रीम कर कट्टा नगरी उपलब्ध गराउनु पर्नेछ ।

---

[1] *कर छुट भएको गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, कुनै नियोग, कार्यालय वा अन्य कुनै संस्थाले आफुलाई कुनै प्रतिफल प्राप्त नहुने कार्यको लागि स्थानीय रुपमा दिएको अनुदान (Local Subsidy), वा अन्य कुनै सम्झौता*

७.२.५ मूल्य अभिवृद्धि कर सम्बन्धमा: मु.अ.क. ऐन २०५२ को दफा ५ को उपदफा ( ३ ) सँग सम्बन्धित समुह: १ का आधारभूत कृषि उत्पादनहरू, समुह: ३ का जीवजन्तु तथा सोको उपज, समुह: ४ का कृषि सामग्रीहरू तथा पशु औषधि जस्ता बस्तुहरूमा मु.अ.क नलाग्ने उल्लेख गरिएको छ । प्रथम पक्षको भुक्तानी रकम लक्षित परिवारहरूको वार्षिक आम्दानीमा वृद्धि गरी जीविकोपार्जनमा सुधार गर्ने उद्देश्यले निकासा हुने र उक्त भुक्तानी अनुदान सरह रही उक्त कारोवार वस्तु तथा सेवाको कारोवार नहुने र दोश्रो पक्षले खर्चको सक्कल बिल नै पेश गर्नु पर्ने भएको हुँदा छुट्टै बिल बिजक जारी गर्न आवश्यक पर्ने छैन । साथै कुनै प्रकारको प्रतिफल वा व्यापारिक प्रयोजन नराखी गैर नाफामूलक साझेदारीमा आउने तथा भ्याटजन्य वस्तु वा सेवाको कारोबार समेत नगर्ने दोश्रो पक्षको हकमा मु.अ.क आर्कषित हुने छैन ।

७.२.६ तोकिएका क्रियाकलापहरू सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भरपाईका आधारमा पेश्की फरछ्यौंट गरी आगामी चौमासिक बजेट निकासाका लागि दोस्रो पक्षले पेश्की माग गर्नेछ । पालिका तर्फको खर्चको सक्कल बिल भरपाई प्रथम पक्षलाई बुझाइनेछ भने हेफरद्वारा विनियोजित रकमको बिल भरपाईको प्रतिलिपि पेश गरिनेछ ।

७.२.७ दोस्रो पक्षले यस परियोजना अन्तर्गत गर्ने खर्चहरू हेफर प्रोजेक्ट नेपालको नाममा बिल, भर्पाइ उठाउनुपर्नेछ भने स्थानीय साझेदार संस्थाको हकमा उक्त बिल हेफर प्रोजेक्ट नेपाल/साझेदार संस्थाको नाममा उठाउनुपर्नेछ ।

७.२.८ परियोजनाको आर्थिक प्रगति प्रतिवेदन चौमासिक रूपमा पेश गरिनेछ ।

७.२.९ प्रथम पक्षले तल उल्लेख गरिए बमोजिम पेश्की उपल्ब्ध गराउनेछ:

| क.स. | आ.व. | चौमासिक | रकम (रू.) | समयम सिमा |
|---|---|---|---|---|
| १ | २०७९।०८० | दोस्रो | ३,३५०,००० | पौष २०७९ |
| २ | २०७९।०८० | तेस्रो | ३,३५०,००० | चैत्र २०७९ |
| ३. | २०८०।०८१ | पहिलो | ३,८५०,००० | साउन २०८० |
| ४. | २०८०।०८१ | दोस्रो | ७,७००,००० | मंसिर २०८० |
| ५. | २०८०।०८१ | तेस्रो | ३,८५०,००० | चैत्र २०८० |
| ६. | २०८१।०८२ | पहिलो | ३,१२५,००० | साउन २०८१ |
| ७. | २०८१।०८२ | दोस्रो | ६,२५०,००० | मंसिर २०८१ |
| ८. | २०८१।०८२ | तेस्रो | ३,१२५,००० | चैत्र २०८१ |
| ९. | २०८२।०८३ | पहिलो | १,३५०,००० | साउन २०८२ |
| १०. | २०८२।०८३ | दोस्रो | २,७००,००० | मंसिर २०८२ |
| ११. | २०८२।०८३ | तेस्रो | १,३५०,००० | चैत्र २०८२ |
| कुल बजेट | | | ४०,०००,००० | |

---

*(Contract) गरी रकम भुक्तानी गर्दा भुक्तानीकर्ताको तर्फवाट हुने खर्चको बील, भौचर र खर्चको प्रमाण पेश गरे पछि सोधभर्ना गर्ने वा हिसाव फर्छ्यौट गर्ने रकमको हकमा यस्तो रकम भुक्तानी प्राप्त गर्ने संस्था वा व्यक्तिको आम्दानी हुने नभई भुक्तानीकर्ताको तर्फवाट हुने खर्च भएकोले यस्तो भुक्तानीमा अग्रिम कर कट्टी गर्नु पर्दैन । तर खर्चको सोधभर्ना गर्दा वा हिसाव फर्छ्यौट गर्दा सम्झौता गर्ने अर्को पक्षले आयकर ऐन, २०५८ वमोजिम कर कट्टी गर्नु पर्ने भुक्तानी गरे नगरेको र गरेको भए सो भुक्तानीमा कर कट्टी गरे नगरेको एकिन गर्नु पर्छ । साथै कर कट्टी गरेको भए कर कट्टी गरेको रकम राजस्वमा दाखिला गरेको निस्सा पेश गराउने, कर कट्टी नगरेको भए कट्टी गरी राजस्वमा दाखिला गराउनु पर्छ ।*

७.२.१० यो परियोजना कार्यन्वयनका लागि परियोजना प्रस्तावनामा उल्लेख गरिएको स्थानीय साझेदार संस्थासंग दोस्रो पक्षले छुट्टै सम्झौता गर्नेछ ।

७.२.११ कार्यक्रम संचालनका लागि दोस्रो पक्षले प्रत्येक आ.व.शुरू हुन पूर्व संसोधित विस्तृत कार्यक्रम तथा बजेट (Detail Implementation Plan) प्रथम पक्षलाई पेश गर्नेछ ।

## ८. लेखा परीक्षण तथा प्रतिवेदन

८.१ यो परियोजनाको वार्षिक लेखा परीक्षण दोस्रो पक्षले प्रत्येक आ.व.को समापनपछि नेपालको कानून बमोजिम लेखा परीक्षण गर्न योग्य Chartered Accountant Firm बाट गराउनेछ ।

८.२ प्रथम पक्षको हकमा लेखा परीक्षण नेपाल सरकारको नियमानुसार गरिनेछ ।

८.३ दोस्रो पक्षले स्थानीय साझेदार संस्थाको परियोजनाको लेखा परीक्षण Nepal Auditing Standard Board को NSRS 4400 Engagement to perform agreed upon procedures regarding financial information अनुसार गराउनेछ ।

८.४ दोस्रो पक्षले स्थानीय साझेदार संस्थाको समय समयमा वित्तीय अनुगमन गर्नेछ ।

८.५ यस परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धि र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी प्रथम पक्षको व्यवस्था बमोजिम दोस्रो पक्षले पेश गर्नेछ ।

## ९. अनुगमन तथा मूल्यांकन:

९.१ कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले " **घ्याङलेख गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९** बमोजिम चौमासिक रूपमा अनुगमन तथा मूल्यांकन गर्नेछ ।

९.२ कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि गाउँपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्नेछ ।

## १०. सम्झौताको खारेजी सम्बन्धी व्यवस्था

१०.१ स्वीकृत कार्यक्रम तथा वजेट दुबै पक्षले आवश्यक ठानेमा संसोधन वा सुधार गर्न सकिनेछ । तर यस्तो हेरफेर गर्दा प्रथम पक्ष तथा दोस्रो पक्षका बीच लिखित सहमतिको आधारमा गर्न सकिनेछ ।

१०.२ यो सम्झौतामा उल्लेखित प्रावधानहरु कुनै पक्षबाट उल्लंघन भएमा तथा हरहिसाब फरछयौट नभएको खण्डमा त्यसबाट मर्का पर्ने पक्षले ४५ दिनको अग्रिम लिखित सुचना दिई यो सम्झौता रद्द गर्न सक्नेछ । यसरी सम्झौता रद्द गर्ने अवस्था आएमा दुबै पक्षले सम्झौता रद्द हुने मिति सम्ममा गर्नुपर्ने सबै काम वा जिम्मेवारी सम्झौता रद्द हुनुपुर्व पुरा गर्नु पर्नेछ ।

१०.३ उपदफा १०.२ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रथम पक्षले उपदफा ७.२.८ बमोजिमको समय सीमा नाघेको ३ महिना भित्र पनि सो बमोजिमको पेश्की उपलब्ध नगराएमा दोश्रो पक्षले कुनै पनि समयमा तुरुन्त लागु हुने गरी यो सम्झौता रद्द गर्न सक्नेछ ।

१०.४ कुनै नियन्त्रण भन्दा बाहिरको परिस्थिति सृजना भई यो सम्झौता बमोजिम परियोजना संचालन हुन नसकेमा दुवै पक्षको आपसी सहमतिमा यो सम्झौता रद्द गर्न सकिनेछ । तर सम्झौता रद्द गर्नु अघि यस्तो परिस्थिति सृजना भए लगत्तै दुवै पक्षले छलफल गरी उपयुक्त निकास निकाल्न पहल गर्नुपर्नेछ ।

## ११. परियोजना हस्तान्तरण

परियोजना समाप्ति पश्चात् परियोजनामा आवद्ध समूह तथा सहकारीलाई सम्बन्धित सरकारी तथा विषयगत निकायहरूमा सूचीकृत गरिनेछ भने परियोजनाका गतिविधिहरू प्रथम पक्षलाई हस्तान्तरण गरिनेछ ।

## १२. विविध

१२.१ यस परियोजना कार्यान्वयनकालागि दुवै पक्षले गरेको लगानी सामुदायिक विकासका लागि हुनेछ र यस कार्यक्रममा दुवै पक्षको मुनाफा रहित संलग्नता र योगदान रहनेछ ।

१२.२ यस सम्झौता कार्यान्वयनका क्रममा यस सम्झौताका सम्बन्धमा वा परियोजना कार्यान्वयनका सम्बन्धमा सम्झौताका पक्षहरू बिच कुनै पनि विवाद उत्पन्न भएमा दुवै पक्षले आपसी छलफल गरी ३० दिन भित्र विवाद समाधान गर्नुपर्नेछ ।

१२.३ सम्झौता मिति भन्दा पहिले कुनै पक्षको स्वामित्वमा रहेको कुनै पनि बौद्धिक सम्पत्ति उक्त पक्षको एकमात्र र विशेष सम्पत्ति रहनेछ । कार्य उत्पादनमा समावेश गरिएको हेफरको कुनै पनि बौद्धिक सम्पत्तिमा हेफरको स्वामित्व रहनेछ । हेफरलाई उक्त बौद्धिक सम्पत्तिमा स्थायी, रोयल्टी रहित, विश्वव्यापी, अपरिवर्तनीय अधिकार रहि कुनै पनि ढाँचामा वा कुनै पनि माध्यमबाट प्रयोग गर्न, प्रतिलिपि गर्न, पुनः उत्पादन गर्न, सार्वजनिक रूपमा प्रदर्शन गर्न, सम्पादन गर्न, संशोधन गर्न र वितरण गर्न अधिकार रहने छ ।

माथि उल्लेखित शर्तका अधिनमा रहि मिति **२०७९ मंसिर २१** मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो ।

| | |
|---|---|
| **प्रथम पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
| .............................. | .............................. |
| राम कुमार कार्की | दाजाङमु शेर्पा |
| प्रमुख प्रशासकिय अधिकृत | अध्यक्ष |
| घ्याङलेख गाउँपालिका | हेफर प्रोजेक्ट नेपाल |
| सिन्धुली | ललितपुर |
| छाप | छाप |

घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हायुटार, सिन्धुली बागमति प्रदेश, नेपाल २०७३

राम कुमार कार्की प्रमुख प्रशासकीय अधिकृत

HEIFER PROJECT NEPAL

उपाध्यक्ष

जगत बहादुर ... अध्यक्ष

[Stamp: घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, हायुटार, सिन्धुली, बागमती प्रदेश, नेपाल]

[Stamp: राम कुमार कार्की, प्रमुख प्रशासकीय अधिकृत]

**साक्षीहरू**

१) श्री जगत बहादुर भोलन, अध्यक्ष

२) श्री शंकरमान घलान, उपाध्यक्ष

३) श्री सुरेश कुमार अधिकारी, लेखा अधिकृत

४) श्री सोम बहादुर भोलन, वडा अध्यक्ष वडा नं.१

५) श्री रोशन कुमार भ्लोन, वडा अध्यक्ष वडा नं.२

६) श्री निश्चल सुनुवार, वडा अध्यक्ष वडा नं.३

७) श्री अमृत वाईबा, वडा अध्यक्ष वडा नं.४

८) श्री ज्ञान बहादुर सिजाली मगर, वड अध्यक्ष वडा नं.५

९) श्री सुकलाल थोकर - सदस्य, वडा नं.४

१०) श्री रुद्र प्रसाद [illegible], सहायक [illegible], लेखा

११) श्री प्रदिप थापा -

१२) श्री

१३) श्री

१४) श्री

१) श्री दुर्गा के.सी, कार्यक्रम निर्देशक, हेफर

२) श्री दिपेश पोखरेल, कार्यक्रम व्यवस्थापक, हेफर

३) श्री किशोर कुमार कार्की, कार्यक्रम अधिकृत, हेफर

[Stamp: शंकर मान घलान, उपाध्यक्ष]

[Stamp: HEIFER PROJECT NEPAL]

[Stamp: जगत बहादुर भोलन, अध्यक्ष]